जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ९२ २०७९ साल कात्तिक १८ गते शुक्रबार (4 Nov. 2022 Friday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन खर्चको अनुगमन... २ पृष्ठमा : राजनीतिक दलका एजेण्डा ... ३ पृष्ठमा : चिनियाँ कम्पनीसँगको ...

# न्यायका लागी साह दम्पती अदालत अगाडी दोश्रो पटक अनसनमा




**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

अंश मुद्दामा लामो समयदेखी न्याय नपाएको भन्दै एक दम्पत्ति उच्च अदालत जनकपुर राजविराज इजलास अगाडी अनसनमा बसेका छन् ।

राजविराज वडा नं. ४ निवासी दिनेशप्रसाद साह र उनकी श्रीमती गौरी साह अदालतको मूल गेट अगाडी बिहीबार बिहान १० बजेदेखी दोश्रो पटक आमरण अनसनमा बसेका हुन् ।

सप्तरी जिल्ला अदालतबाट वादी दिनेश प्रसाद साह बिरुद्ध उनका दाजु उमेश प्रसाद साह भएको २०६३ सालको अंश मुद्दामा २०६४ साल मंसिर २५ गते दुबै दाजु भाईलाई ४/४ धुर जग्गा हुने गरि फैसला भएपनि सो फैसला अझै कार्यान्वयन हुन नसकेको दिनेशको भनाई छ ।

जिल्ला अदालतले गरेको फैसला विरुद्ध उनका दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलासमा रिट निवेदन दिए पछी फैसला कार्यान्वयन प्रक्रिया लम्बीएको हो ।

यस अघि गत असोज ६ गते पहिलो पटक अनसनमा बसेका साह दम्पत्तिलाई उच्च अदालतका न्यायाधिशहरुले आउँदो असोज २७ गते हुने पेशीमा न्याय पाउने विश्वास दिलाएपछि सोही दिन साँझ अनसन तोडिएको साह दम्पत्तिले जानकारी दिए ।

उच्च अदालत जनकपुर राजविराज इजलाशका उपरजिष्टार उज्जवल न्यौपानेले अदालतमा मुद्दाको चाप बढीरहेको र फौजदारी मुदालाई प्राथमिक्तामा राखेर फैसला गर्नू पर्ने हुदाँ साह दम्पतीका विषयमा प्रक्रिया अनुसार पालो आएपछी न्यायनिरुपण हुने बताए ।

# चार प्रदेशको मतपत्र ढुवानी सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि चार वटा प्रदेशको सम्पूर्ण मतपत्र ढुवानी सम्पन्न भएको छ ।

गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका लागि मतपत्र ढुवानी सम्पन्न भएको हो । बिहीबार मनाङ र मुस्ताङ जिल्लाका लागि आवश्यक मतपत्र हेलिकप्टरमार्फत ढुवानी भएसँगै चार वटा प्रदेशको मतपत्र ढुवानी सम्पन्न भएको छ ।

शुक्रबारदेखि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत प्रदेश नं. १ को मतपत्र ढुवानी शुरु हुने निर्वाचन आयोगले जनाएको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र भने यसअघि नै ढुवानी सम्पन्न भइसकेको छ । यसपटक पहिलो हुने निर्वाचित हुने तथा समानुपातिक निर्वाचन प्रणालीका लागि १ करोड ७९ लाख ८८ हजार ५७० मतदाताका लागि करिब ८ करोड मतपत्र आवश्यक पर्ने छ । जसमध्ये अब २५ लाख ९४ हजार मतपत्र मात्र छपाइ हुन बाँकी छ ।

शुक्रबारसम्म सबै मतपत्र छपाइ सम्पन्न हुनेछन् भने कात्तिक २५ गतेसम्ममा प्रत्येक निर्वाचन अधिकृतको कार्यलयमा मतपत्रसमेत पुग्ने सो कार्यालयले जनाएको छ ।

# एक सय मतदान केन्द्र अपाङ्गतामैत्री बनाइँदै

काठमाडौं, १७ कात्तिक (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि एक सय मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाइने भएको छ ।

निर्वाचन आयोगले गरेको निर्णय अनुसार ती केन्द्रमा साङ्केतिक भाषा सूची, त्यहाँ खटिने कर्मचारीलाई साङ्केतिक भाषा प्रयोगसम्बन्धी अभिमुखीकरण, मतदान गर्ने तरिकासम्बन्धी ब्रेल समाग्री, रङ्गीचङ्गी डोरी तथा पोल, र्‍याम्प निर्माण, ह्वीलचेयर प्रवेश गर्न सक्ने मतदान केन्द्र निर्माण, अपाङ्गता भएका व्यक्तिका लागि टेबुल तथा कुर्सीको व्यवस्था गरिनेछ । आयोगले निर्वाचनका लागि कूल २२ हजार दुई सय २६ मतदान केन्द्र तय गरेको छ ।

# मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था

**दैनिक समाचारदाता**
**राजविराज, १७ कात्तिक ।**

निर्वाचन आयोगले मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित एवं मितव्ययी ढंगले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले त्यसरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरेको छ ।

आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचार प्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको छ ।

संशोधित आचारसंहिता बमोजिम निर्वाचनमा आफैँ उम्मेदवार भएका मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन

*बाँकी अन्तिम पृष्ठमा*

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### नेताहरुको भाषण सुन्ने थलोको रुपमा प्रयोग हुनबाट जोगौं

अहिले सबैलाई निर्वाचनको चटारो लागेको छ। यही मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा सबै नेपालीलाई चुनवी चटारो लागेको हो। यता उम्मेदवारहरुले मतदाता रिझाउन आफ्नो घोषणापत्र मार्फत मतदाताको घर घरमा पुग्ने गरेका छन्। प्राय जसो उम्मेदवारले विकासको मुद्दालाई पहिलो प्राथमिकतामा राखेको छ। पुनः निर्वाचनमा उम्मेदवार बनेकाहरुले पाँच वर्षको अवधीमा गरेका विकासको बारेमा मतदातालाई बुझाउन व्यस्त देखिन्छन्। तर, पराजित भएर दोश्रो पटक उठेका उम्मेदवारहरुले भने ती विकासको कुरालाई नकारात्मक ढंगले प्रस्तुत गर्दै मतदातालाई आफ्नो पक्षमा पार्न लागिपरेका छन्। यसरी पहिलो पटक उठेका उम्मेदवारले भने नयाँ ढंगले सोही विकासको मुद्दालाई प्रस्तुत गर्दै मतदातालाई रिझाउने प्रयास गरिरहेको देखिन्छ।

यी विकासको साझा मुद्दालाई सबै उम्मेदवारले चुनावी हतियारको रुपमा नयाँ नयाँ ढंगले प्रस्तुत गरिरहेका छन्। यसरी उम्मेदवारहरुले विकासको मुद्दामाथी बढी ध्यान दिएको देखिन्छन्। यस बाहेक सुशासनको मुद्दा, व्यापारको मुद्दा, शिक्षाको मुद्दा, सामाजिक सुरक्षाको मुद्दा, आयबृद्धिको मुद्दालगायतलाई न्युन मात्रामा प्राथमिकतामा राखिएको देखिन्छ। चुनावको बेला मात्र विकासको मुद्दा गर्नेहरु विगतका वर्षहरुमा कीन यसलाई पूर्ण रुपले अगाढी बढाउन सकेनन् त ! के यो एउटा चुनावी नारा मात्र हो ? यसप्रति सबै गम्भिर हुनु आवश्यक छ। मात्र विकासको मुद्दाले चुनाव जित्न सकिन्छ भन्ने कुराप्रति उनी ढुक्क छन्।

तसर्थ अबको निर्वाचनमा स्वच्छ, इमान्दार, जनताको दुःखमा मलहम लगाउने, विकासप्रेमी जस्ता छबी भएका उम्मेदवारलाई जिताएर सबल समाजको निर्माणमा सहभागि बनाउनेतर्फ ध्यान पुग्नु आवश्यक छ। होइन् भने पुनः हामी चुनावको बेला आश्वासन मात्र पाउने र अन्य दिनमा ती नेताहरुको भाषण सुन्ने थलोको रुपमा प्रयोग नहुनका लागि सक्षम नेतृत्वकर्तालाई मतदान गर्नेतर्फ अग्रसर होऔं।

# निर्वाचन खर्चको अनुगमन सुरु

काठमाडौँ, १७ कात्तिक (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रचारप्रसारका क्रममा जुलुस, आमसभा र कोणसभा गर्न पाउने चरण बिहीबारदेखि सुरु भएसँगै निर्वाचन आयोगले दल र उम्मेदवारको खर्चको अनुगमन प्रारम्भ गरेको छ। आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो। सोका अतिरिक्त आयोगबाट केन्द्रस्तरको अनुगमन टोली खटिनेछन्।

आयोगले उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन आचारसंहिता, २०७९ को पालनसहित तोकेको (हद) सीमाभित्र रही खर्च गरे/नगरेको निगरानी गरी आचारसंहिताको दफा ४२ बमोजिम आयोगमा विवरण उपलब्ध गराउन गृह मन्त्रालयमार्फत नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागलाई जिम्मेवारी दिएको छ। आचारसंहिताा नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले आयोगको सहमतिमा निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी साधनको प्रयोग भए/नभएको विषयमा आवश्यक निगरानीको व्यवस्था गरिएको छ।

आयोगले निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या र भूगोलका आधारमा प्रतिनिधिसभाको प्रत्यक्षका लागि रु २५ लाख देखि ३३ लाखसम्म र प्रदेशसभाको प्रत्यक्षतर्फ रु १५ लाखदेखि २३ लाखसम्म खर्च गर्न पाउने गरी हद निर्धारण गरेको छ। यस्तै समानुपातिक प्रणालीतर्फ प्रतिनिधिसभाका लागि सम्बन्धित दलले पेस गरेको बन्दसूचीमा सूचीकृत उम्मेदारको सङ्ख्या अनुसारप्रति उम्मेदवार रु दुई लाख र प्रदेशसभातर्फ रु एक लाख पचास हजार निर्धारण गरिएको छ।

दल र उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम तथा निर्वाचन आचारसंहिता, २०७९ र सम्बन्धित निर्देशिका बमोजिम तोकिएको हदअन्तर्गत मतदाता नामावली खरिद, सवारीसाधन, प्रचारप्रसार सामग्री, गोष्ठी अन्तर्क्रिया, अन्य प्रचारप्रसार, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जालसमेत), कार्यालय सञ्चालन र प्रतिनिधि परिचालनलगायतका क्षेत्रमा खर्च गर्न पाउनेछन्।

आयोगले गत असोज १६ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ राजनीतिक दल वा उम्मेदवारले गर्ने खर्चको अधिकतम सीमा निर्वाचन क्षेत्रको मतदाता सङ्ख्या, मतदान केन्द्रको सङ्ख्या र क्षेत्रफललाई आधार मानी सूत्रमा आधारित भई निर्वाचन खर्चको हद तोकेको हो। गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा निर्वाचन खर्चको विवरण नबुझाउने एक लाख १४ हजार नौ सय ५८ र तोकिएको समयावधिपछि निर्वाचन खर्चको विवरण बुझाउने आठ हजार छ सय ६६ समेत गरी कूल एक लाख २३ हजार छ सय २४ उम्मेदवारलाई आयोगबाट जरिवानासहित कारबाही गरिएपछि निर्वाचन खर्चको विवरण दुरुस्त राख्न दल र उम्मेदवार बाध्य भएका छन्।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा ४ र स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण नबुझाउनेलाई आयोगले जरिवाना तोक्नेछ।

प्रत्यक्षतर्फ खर्चको सीमा निर्धारण गर्दा आयोगले निर्वाचन क्षेत्रमा कायम मतदाताको सङ्ख्यालाई ६० प्रतिशत,मतदान केन्द्रको आधारमा सम्बन्धित निर्वाचन क्षेत्रमा कायम भएको मतदान केन्द्रको सङ्ख्यालाई २० प्रतिशत र भौगोलिक क्षेत्रको हकमा सम्बन्धित निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २० प्रतिशत भारलाई आधार मानेको छ। आचारसंहिता बमोजिम निर्वाचन प्रचारप्रसारका लागि आमसभा, कोणसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफैँ वा प्रतिनिधिमार्फत मतदान सम्पन्न भएको १५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ।

निर्वाचन खर्चको हिसाबकिताब आयोगले तोकेको ढाँचा र लेखाप्रणाली अनुसार राख्नुपर्ने र राजनीतिक दलको तर्फबाट हुने निर्वाचनसम्बन्धी स्वेच्छिक आर्थिक सहयोग लिँदा तथा खर्च गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ बमोजिम गर्नुपर्नेछ।

राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण दस दिनभित्र आयोगमा पठाउनुपर्नेछ।

# राजनीतिक दलका एजेण्डा बन्यो ग्रीन हाइड्रोजन

**रमेश लम्साल**

काठमाडौँ, १७ कात्तिक (रासस)।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का पूर्वअध्यक्ष शेष घलेको पहलमा गत महिना ऊर्जाको वैकल्पिक स्रोतको खोजी गर्ने ध्येयका साथ ग्रीन हाइड्रोजन समिटको आयोजना गरियो।

खासगरी रशिया र युक्रेनबीचको विवादका कारण विश्वबजारमा इन्धनको मूल्य अकाशिएको छ। त्यसको प्रभाव संसारभर नै परेको छ। नेपाल पनि त्यसबाट अछुतो रहेको छैन। विश्वभर नै ऊर्जाका विभिन्न स्रोतहरुको खोजी भइरहेको छ। सोही क्रममा ग्रीन हाइड्रोजनका बारेमा चासो र चर्चा सुरु भएको छ। केही देशले त उत्पादन नै सुरु गरिसकेका छन्।

विशेष गरी नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगम र काठमाडौं विश्वविद्यालयको सहकार्यमा ग्रीन हाइड्रोजनका बारेमा राम्रै तयारी पनि सुरु भएको छ। सो विश्वविद्यालयले प्रयोगशाला नै स्थापना गरेर ग्रीन हाइड्रोजनजका बारेमा काम सुरु गरिसकेको छ। जलवायु परिवर्तनको खास कारक बन्दै गएको जिवाष्म इन्धनको विकल्प खोज्ने क्रममा उपयुक्त विकल्पका रुपमा ग्रीन हाइड्रोजनको अवधारणामा काम सुरु भएको हो।

विश्वका ठूला भनिएका देश अमेरिका, बेलायत, चीन र भारतमा पनि यसका बारेमा धेरै काम भइसकेको छ। सरकारले पनि ग्रीन हाइड्रोजनका चासो व्यक्त गर्दै आवश्यक तयारी थालिसकेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले यसबारेमा अवधारणा नै तयार पारेको छ।

अर्थमन्त्री जनार्दन शर्माका अनुसार ग्रीन हाइड्रोजनका सम्बन्धमा नीतिगत व्यवस्था गरेर हाइड्रोजन उत्पादनका लागि अब बहस मात्रै नभई लगानी र प्रविधि भित्र्याउने बेला भएको छ। नेपालमा उत्पादन हुने हाइड्रोजन र एमोनिया विश्व बजारमै प्रतिस्पर्धी बन्ने देखिएको छ। उहाँले अब बिजुली बेच्ने नसोचिकनै हाइड्रोजन र एमोनिया निर्यात गर्ने सोचका साथ सरकारले केही प्रारम्भिक काम अगाडि बढाएको बताउनुभएको छ।

यसै सन्दर्भमा राजनीतिक दलले पनि आफना घोषणापत्रमा ग्रीन हाइड्रोजनका विषयलाई मुखररुपमा उठाएका छन्। ऊर्जाको विकल्पका रुपमा संसारभर नै अगाडि बढेको यस विषयलाई ऊर्जा मन्त्रालयले अगाडि बढाएको छ।

वाम लोकतान्त्रिक गठबन्धनमा आबद्ध नेकपा( माओवादी केन्द्र)ले आफ्नो घोषणापत्रमा आगामी पाँच वर्षभित्र हाइड्रोजन प्लान्ट स्थापना गर्ने विषयलाई महत्वका साथ स्थान दिएको छ।

विश्वमा बढ्दो ऊर्जा सङ्कटलाई मध्यनजर गर्दै आवश्यक नीति र संस्थागत संरचना विकास गर्ने सो पार्टीको घोषणापत्रमा समावेश गरेको छ। नेपालमा हाल दुई हजार तीन सय मेगावाट बराबरको बिजुली उत्पादन भइरहेको छ। आगामी दुई वर्षभित्र प्रणालीमा थप तीन हजार पाँच सय मेगावाट बराबरको बिजुली उत्पादन हुनेछ। बिजुलीको प्रयोग गरी ग्रीन हाइड्रोजन उत्पादन गर्ने विषयलाई माओवादीले आफ्नो घोषणापत्रमार्फत बहसमा ल्याएको छ।

माओवादी केन्द्रका सचिव गणेश साहका अनुसार विज्ञान प्रविधिको बदलिँदो विश्वपरिवेश अनुसार विज्ञान प्रविधिमा लगानी वृद्धि र उपयोगमा जोड दिने नीति घोषणापत्रमा राखिएको छ। सोही मान्यताअनुसार नै सो पार्टीले ग्रीन हाइड्रोजनका विषयलाई आफ्नो घोषणापत्रमा समावेश गरेको जनाएको छ।

संसारका दुई अर्ब मानिसका मानिसको स्रोतका रुपमा रहेको हिमाल पग्लन थालेको, हिमनदीमा त्यस्तै समस्या देखिएको छ। व्यवसायी घलेको समूहले ऊर्जाको वैकल्पिक स्रोतमा लगानी गर्ने सोचको विकास गरेको छ। नेपाल ग्रीन हाइड्रोजनको हब बन्न सक्छ भन्ने उहाँको भनाइ छ।

नेपालमा क्रमशः ऊर्जाको उपलब्धतामा वृद्धि हुँदै गएको छ। वर्षायाममा भारतलाई तीन सय ६४ मेगावाट बिजुली बिक्री गरिएको भएपछि पछिल्ला दिनमा चाडवाडको समयमा झण्डै पाँच

बाँकी अन्तिम पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोईड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569





डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# धितोमा रहेको सम्पती लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०७/१८ गते**

तपशिलमा उल्लेखित ऋणीले जन ज्योति कृषि सहकारी संस्थाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकमतिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सुचना ,ताकेता पत्र मिलाई बुझाउदा समेत तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले कस्संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी संस्थाको सम्पूर्ण लेनारकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धिऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङकनभन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकमअसूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई सहकारी ऐन नियम तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सुचित गराईन्छ ।

**तपसिल**

| क्र सं | ऋणीको विवरण | जिल्ला | गा.वि.स./न.पा. | वाड न. | किता न. | क्षेत्रफल | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | नाम : उर्मिला कुमारी चौधरी<br>पति : महेन्द्र प्रसाद चौधरी<br>ससुरा : फेकु चौधरी, ना प्र नं. :०८५५१३८१६<br>ठेगाना : : हरिहरपुर ३ | सप्तरी, | हरिहरपुर | ८ | २६३ | ०-३-११ |  |
| २ | नाम : राज कुमारी देवी राम<br>पति : देव कुमार राम<br>ससुरा रबि राम मोचिः ना प्र नं.:१६३०७९<br>ठेगाना : : कल्यानपुर ७ | सप्तरी, | कल्याणपुर | ७ | ११३८ | ०-०-७ |  |
| | | सप्तरी, | कल्याणपुर | ७ | १०६७ | ०-१-१ | |
| | | सप्तरी | कल्याणपुर | ७ | ७४४ | ०-०-६.५ | |
| ३ | नाम : शान्ति देवी चौधरी<br>बाबु : रामजी चौधरी<br>ससुरा : चरु चौधरी, ना प्र नं.:२१०७<br>ठेगाना : : पन्सेरा ४ | सिरहा | सिग्राहीमटिअर्वा | ४ख | २५६२ | ०-०-६.५ |  |
| ४ | नाम : कल्पना साह<br>पति :भोला साह<br>ससुरा : रामेश्वर साह, ना प्र नं.: १६३०६१/१५१<br>ठेगाना : : रुपनी १ | सप्तरी | खोक्सर प्रवाहा | ३ क | ४६६ | ०-०-९.५ |  |
| | | सप्तरी | खोक्सर प्रवाहा | ३ क | ४६८ | ०-०-१४ | |
| ५ | नाम : चन्दा देवी झा<br>पति : बेचु झा<br>ससुरा : अनुरुध झा, ना प्र नं.: ७६०८/६३४२<br>ठेगाना : : पडरिया | सप्तरी | चनौरापडरिया | १ख | १४ | ०-३-१ |  |
| | | सप्तरी | चनौरापडरिया | १ख | ५५७ | ०३-११ | |
| ६ | नाम : मासुल मियाँ<br>बाबु : गोलाई मियाँ<br>बाजे : सुनर मियाँ, ना प्र नं.:०२२०४४१२<br>ठेगाना : :अर्नाहा ९ | सप्तरी | अर्नाहा | ९क | ७१२ | ०-०-१७ |  |
| ७ | नाम : कृष्ण कुमार यादव<br>बाबु : झवर यादव<br>बाजे : राम नारायण यादव, ना प्र नं.:३५५३<br>ठेगाना : : बरही बिरपुर ४<br>धितो रहेको ब्यक्ति :<br>नामः सुमित्रा देवी यादव<br>पति : राम देव प्रसाद यादव<br>ससुरा : राम प्रसाद यादव<br>ठेगाना : बरहीबिरपुर ४, ना.प्र.नं. : ३६९५ | सप्तरी | बरही बिरपुर | ५क | १३७१ | ०-२-० | <br> |
| ८ | नाम : पवण कुमार कर्ण<br>बाबु :<br>बाजे :<br>ना प्र नं.:<br>ठेगाना : : खोक्सर | | मलहनियाँ | ६ क | ६८८ | ०-४-०.७५ |  |
| | | | कुशहा | ३ क | १०३ | ०-१-१८ | |
| | | | कुशहा | ४ | २७ | ०-०-१३.५ | |
| | | | मलहनमा | ५क | ६५९ | ०-१-१ | |
| ९ | नाम : भोला साह<br>बाबु : रामेश्वर साह<br>बाजे : किशुन साह, ना प्र नं.: २६१५<br>ठेगाना : : रुपनी १<br>धितो रहेको ब्यक्ति :<br>नामः शैल कुमारी साह<br>बुवा : टिराहु साह<br>पति : राजेन्द्र साह तेली<br>ठेगाना : शम्भुनाथ ८, ना.प्र.नं. : १६३०८४/४६७ | सप्तरी | सखुवा पथ्थरगाढा | ६ क | ८५८ | ०-२-० | <br> |

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस संस्थाको कार्यालय राजविराजबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक स्थित यस संस्थाको रहेको खाता नं. ३४३३०००१०१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थाको कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सुचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**लिलामि हुने मिति : २०७९।०८।२३ गते शुकवार**
**स्थान : जनज्योति कृषि सहकारी संस्था लिमिटेड**
**समय : बिहान ११ बजे**

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**
**राजविराज ९, मलेठ सप्तरी**

# विश्व समाचार

## चिनियाँ कम्पनीसँगको सम्झौता खारेज

ओटावा, १७ कात्तिक (रासस/सिन्ह्वा) ।

क्यानडाले चिनियाँ कम्पनीसँग गरेका खनिज सम्झौता खारेज गरेको छ । राष्ट्रिय सुरक्षालाई दृष्टिगत गरी तीन वटा चिनियाँ कम्पनीसँगको सम्झौता कार्यान्वयन नगर्ने निर्णयमा क्यानडा पुगेको हो । साथै उसले ती कम्पनीलाई सम्झौताबाट बाहिरिन आदेश पनि दिएको छ ।

क्यानडाका विज्ञान एवम् उद्योगमन्त्री फ्रान्कोइस फिलिप स्याम्पेनले खनिज क्षेत्रमा संलग्न देशका कम्पनीको लगानीको समीक्षापछि सरकार उक्त निर्णयमा पुगेको बताएका छन् । मन्त्री स्याम्पेनका अनुसार प्रत्यक्ष वैदेशिक लगानीलाई स्वागत गर्ने देशको नीति भएपनि मुलुकको राष्ट्रिय सुरक्षा तथा महत्वपूर्ण खनिज आपूर्ति शृङ्खलामा समस्या हुन नदिन उक्त निर्णय गरिएको हो ।

चीनले विश्वभरका दुर्लभ खनिज तत्वमाथि आफ्नो प्रभुत्व कायम गरिरहेका बेला क्यानडाको उक्त निर्णय सार्वजनिक भएको छ । धातु एवम् खनिजमा आत्मनिर्भर बन्ने बेइजिङको प्रयासमा तुषारापात भएको छ । चीनले आफै धेरै खनिज उत्पादन नगरे पनि क्यानडालगायत देशबाट आवश्यक कच्चा पदार्थ प्राप्त गर्न ती मुलुकमा भारी मात्रामा लगानी गरेको छ ।

## फिलिपिन्स आँधीः एक सय पचास जनाको मृत्यु

मनिला, १७ कात्तिक (रासस/एएनआई) ।

फिलिपिन्समा पाएङ नामक शक्तिशाली आँधीका कारण मृत्यु हुनेको सङ्ख्या एक सय ५० पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्का अनुसार आँधीमा परी ३६ जना बेपत्ता भएका छन् ।

आँधीले ३९ लाख सर्वसाधारण नराम्ररी प्रभावित भएका छन् भने चार सय ९९ सडकमा क्षति भएको छ । त्यसैगरी एक सय २० वटा पुल आंशिक वा पूर्ण रूपमा भत्केका छन् । आँधीका कारण राजधानी मेट्रो मनिलासहित १७ क्षेत्रका ३१,९४२ गाउँका १८ लाख १२ हजार सात सय ४० जना प्रभावित भएका मनिला टाइम्सले जनाएको छ ।

आँधीसँगैको बाढीका कारण कम्तीमा एक लाख १३ हजार चार सय आठ हेक्टर कृषि क्षेत्र प्रभावित भएको छ भने ११ हजार ७६१ मेट्रिक टन उत्पादनमा नोक्सानी भएको छ । आठ हजार छ सय आठ किसान र माछुवारा प्रभावित भएका छन् । मिमारोपा, विकोल क्षेत्र, पश्चिमी भिसायास, जाम्बोनागा प्रायद्वीप, दक्षिणी कोटाबाटो, सुल्तान कुदारत, साराङगानी र सान्तोस शहर अधिक प्रभावित भएका छन् । यी स्थानका धान, मकैका साथै अन्य बालीमा क्षति भएको छ ।

## युद्धविराम कायम राख्न महासचिव गुटरेसको आग्रह

संयुक्त राष्ट्रसङ्घ, १७ कात्तिक (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घका प्रमुखले इथियोपियामा जारी युद्धविरामलाई कायम राख्न सबैले सहयोग गर्नुपर्ने बताउनुभएको छ ।

इथियोपियाको सरकार र यहाँ हिंसात्मक युद्ध गरिरहेको विद्रोहीका बीचमा भएको युद्धविरामलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले सो आग्रह गर्नुभएको हो ।

दक्षिण अफ्रिकाको पिर्टोरियामा गएका केही दिनदेखि इथियोपियाको सरकारका प्रतिनिधि र यहाँको टिगरे क्षेत्रमा गएका केही वर्षदेखि हिंसा जारी राखेको विद्रोही समूहका बीचमा शान्ति वार्ता भएको थियो ।

सो वार्तापछि बुधबार यी दुवै पक्ष तत्कालै युद्धविराम गर्न सहमत भएका बताइएको छ । सो युद्धविरामको संयुक्त राष्ट्रसङ्घ र विश्व समुदायले नै स्वागत गरेको छ ।

संयुक्त राष्ट्रसंङ्घ महासचिव गुटरेसले पनि सो क्षेत्रमा युद्धविरामको स्वागत गर्दै इथियोपियाली नागरिक र विश्व समुदायलाई यस कार्यको स्वागत गरी आवश्यक सहयोग गर्नुपर्ने बताउनुभएको छ ।

उहाँले टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण यहाँको जनजीवन अत्यन्तै प्रभावित भएको भन्दै यसबाट नागरिकको शान्तिपूर्ण र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा देशमा शान्ति स्थापना गर्न सबैको सहयोग आवश्यक रहेको बताउनुभएको हो ।

विश्व समुदायले पनि युद्ध विराम यहाँको पहिलो पाइला भएको भन्दै आगामी दिनमा यहाँ शान्ति स्थापना गर्नका लागि सबै लाग्नुपर्नेमा जोड दिएका छन् ।

बुधवार इथियोपियाली सरकार र उत्तरी इथियोपियाली टिगरे क्षेत्रका विद्रोहीका तर्फबाट तोकिएका वार्ता टोलीका तर्फबाट एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी तत्कालका लागि युद्धविराम गर्न सहमत भएको जनाइएको छ ।

# केही समयसम्म गठबन्धन रहन्छ : प्रधानमन्त्री देउवा

डडेल्धुरा, १७ कात्तिक (रासस)। प्रधानमन्त्री शेरबहादुर देउवाले केही समयसम्म गठबन्धन कायम रहने बताउनुभएको छ। गृहजिल्लामा आयोजना गरिएको चुनावीसभालाई सम्बोधन गर्न डडेल्धुरा आइपुग्नुभएका नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले गठबन्धनको अपरिहार्यता अझै रहेको बताउनुभयो।

पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्र मास्ने र संविधान च्यात्ने प्रयास थालेपछि पाँचदलीय गठबन्धन बनेको स्मरण गर्दै उहाँले लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन एक भएको बताउनुभयो।

# पूर्वी तराई जोड्ने दिक्तेल-खानीडाँडा-रेग्मीटार सडक स्तरोन्नति सुरु

खोटाङ, १७ कात्तिक (रासस)। खोटाङ जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारबाट खानीडाँडा हुँदै रेग्मीटार पुग्ने सडक स्तरोन्नति थालिएको छ। दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेस्थित खानीडाँडा हुँदै रेग्मीटारस्थित सगरमाथा राष्ट्रिय राजमार्गमा जोडिने सडकको कामले तीव्रता पाएको हो।

सडक निर्माणका लागि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले रु ४० लाख उपलब्ध गराएको छ भने उपभोक्ता समितिले रु छ लाख ७९ हजार सात सय २१ बराबरको श्रमदान उपलब्ध गराएको छ।

तत्कालीन जिल्ला विकास समितिले ट्र्याक खोलेको उक्त सडक नगरपालिकाले गौरवको आयोजनामा राखेको छ साढे ३१ किलोमिटर लामो उक्त सडकको भौतिक प्रगतिबारे जानकारी लिन नगरप्रमुख तीर्थराज भट्टराई, उपप्रमुख विशन राई, प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, दिक्तेलका वडाध्यक्ष नवराज राई र खाल्लेका वडाध्यक्ष खगेन्द्र राई तथा नगरपालिकाको प्राविधिक टोली मङ्गलबार निर्माणस्थलमा पुगेको थियो।

नगरप्रमुख विशन राईले तत्कालका लागि राजापानीस्थित पुरानो गाउँ हुँदै रेग्मीटारसम्म यातायात सञ्चालन गर्न सकिने सम्भावना रहेको बताउनुभयो।

तत्कालिन जिल्ला विकास समितिले आहालेबाट राजापानीको घर्तीभिरसम्म र सगरथामा राजमार्गको दिक्तेल-गाईघाट सडकखण्डको रेग्मीटारबाट घर्तीभीरसम्म सिधा 'ट्र्याक' खोलेको थियो।

घर्तीभिरमा ठूलो चट्टान भएकाले अहिलेसम्म दुवैतर्फको ट्र्याकलाई जोड्न नसकिएको नगरप्रमुख भट्टराईको भनाइ छ। "घर्तीभिरको चट्टान फोडेर ट्र्याक जोड्ने प्रयास जारी छ", उहाँले भन्नुभयो, "ट्र्याक नजोडिँदा हाल दिक्तेलबाट महुरे, बुइँपा, राजापानी हुँदै घुमेर रेग्मीटार पुग्नुपर्ने बाध्यता छ।" उक्त सडक जोड्न सकिए दिक्तेलबाट डेढ घण्टामा रेग्मीटार पुग्न सकिने उहाँको भनाइ छ।

दिक्तेल-महुरेबीचको २० किलोमिटर सडक कालोपत्र भइसकेको छ भने महुरे-राजापानी-रेग्मीटारअन्तर्गत पर्ने २९ किलोमिटर सडकमा कालोपत्र भइरहेको छ। हाल स्तरोन्नति सुरु गरिएको दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडकखण्ड दिक्तेल-महुरे-राजापानी-रेग्मीटार सडकभन्दा साढे १७ किलोमिटर छोटो छ।

नगरप्रमुख नवराज भट्टराईले अहिले प्राप्त भएकै बजेटबाट काम गर्न उपभोक्ता समितिलाई निर्देशन दिनुभएको छ। अपुग बजेटका लागि फेरि बजेट व्यवस्थापन गर्ने उहाँले बताउनुभयो।

सडक स्तरोन्नति भई नियमित यातायात सञ्चालन भए कम मूल्यमै खाद्यान्न, हार्डवेयर, इन्धनलगायत उपभोग्यवस्तु ढुवानी गर्न सकिने वाणिज्य सङ्घ खोटाङका अध्यक्ष उपिनकुमार राईले बताउनुभयो।

दिक्तेल-खानीडाँडा सडक भने करिब वर्ष दिनदेखि अलपत्र अवस्थामा छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको रु २१ करोड एक लाख ८८ हजार लगानीमा कालोपत्रको काम थालिए पनि ठेकेदारको लापरबाहीले अलपत्र परेको हो।

ठेकेदार कम्पनी याक्थुङहाङ/साप/सिरुवा जेभीले २०७६ चैत ७ भित्र सम्पन्न गर्नेगरी ठेक्का पाएको थियो। त्यसपछि समयावधि बढाएर २०७८ वैशाख २९ गते बनाइएको थियो। अलपत्र अवस्थामा रहेको दिक्तेल-खानीडाँडा सडक कालोपत्रको भौतिक प्रगति ४८ प्रतिशत र वित्तीय प्रगति ४७.७६ प्रतिशत मात्रै पुगेको छ। अलपत्र सडक तत्काल सम्पन्न गर्न ठेकेदार कम्पनीलाई लिखितरुपमै निर्देशन दिइएको नगरप्रमुख भट्टराईले जानकारी दिनुभएको छ।

## *राजनीतिक दलका ...*

सय मेगावाट बराबरको बिजुली खेर गएको छ।

बिजुलीको प्रयोग गरेर नेपालमा उपलब्ध हुने स्वच्छ पानीबाट ग्रीन हाइड्रोजन उत्पादन गर्ने र त्यसलाई वैकल्पिक ऊर्जाका रुपमा विश्व बजारमा बिक्री गर्ने योजनाका साथ आफूहरू यसमा लागिपरेको व्यवसायी घलेले राससको कुराकानीका क्रममा बताउनुभएको थियो। उहाँले १०० मिलियन अमेरिकी डलर लगानी गरेर ५० मेगावाट क्षमताको ग्रीन हाइड्रोजन उत्पादन गर्ने बताउनुभएको थियो।

नेपालका हिमशृङ्खला विश्वव्यापी जलवायु परिवर्तनको उच्च जोखिममा छन्। त्यहाँका हिमाल र हिमतालको हिउँ नै कोसी, गण्डकी, कर्णालीलगायत अन्य नदीको मुहान हुन्। यी नदी नै गङ्गा नदीको तटमा बसोबास गरिरहेका ५० करोडभन्दा बढी मानिसले पिउने पानीको स्रोत बनिरहेको तर जलवायु परिवर्तनको असर स्वरुप निम्तिएको तापक्रम वृद्धिलगायत अन्य लक्षणका पहिलो प्रहार तिनै हिमालको हिउँ र हिमतालमाथि भइरहेको छ।

गत वर्ष कोप-२६ मा सहभागी भएको नेपालले सन् २०४५ सम्ममा कार्बन तटस्थ बन्ने प्रतिबद्धता जनाएको छ। जलवायु परिवर्तनका कारण बढ्दो जोखिम, विश्वव्यापीरुपमा कार्बन उत्सर्जन कम गर्नुपर्ने आवश्यकताजस्ता विविध समस्यामाथि नेपालले नेतृत्व गरेर समाधान दिनसक्ने अवसर पनि हाइड्रोजनबाट नै देखिन्छ।

कार्बनडाइअक्साइड तथा कार्बन मोनो अक्साइडजस्ता विशाल ग्यासको उत्सर्जन घटाउन पनि स्वच्छ ऊर्जाको प्रयोग बढाउनुपर्ने आवश्यकता छ। नेपालले सक्रियरुपमा पर्यावरणीय समस्याको दीर्घकालीन समाधानका लागि नवीनतम् उपाय पत्ता लगाउनु जरुरी भइसकेको छ।

हाइड्रोजनबाट एमोनिया हुँदै रासायनिक मल कारखाना खोल्ने गरी 'पाइलट प्रोजेक्ट' निर्माण गर्ने निष्कर्षमा सरकारसमेत पुगेको छ। वातावरणको संरक्षण र प्रवर्द्धनका दृष्टिले हाइड्रोजनको खपत यातायात र औद्योगिक क्षेत्रमा गराउन सक्दा जीवाष्म इन्धनको निर्भरतालाई कम गर्न सकिन्छ। अध्ययनले ठूला पानी जहाज, लरी ट्रक हाइड्रोजनमार्फत सञ्चालन गर्दा आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने निष्कर्ष निस्किसकेको छ।

विद्युत्को प्रयोग गरी पानीको विद्युतीय विच्छेदन (इलेक्ट्रोलाइसिस)बाट उत्पादित हरित हाइड्रोजनलाई 'केमिकल फिडस्टक'को रुपमा रासायनिक मल उद्योग, स्टील उद्योग, यातायातमा प्रयोग गर्न सकिन्छ।

नेपाल जलसम्पदाले भरिपूर्ण भएका कारण पनि जल विद्युत् उत्पादनको सम्भावना उच्च छ। जलविद्युत् उत्पादन बढ्दै गर्दा अरु देशको तुलनामा हरित हाइड्रोजन उत्पादन गर्दा उत्पादन लागत कम हुनेछ। काठमाडौँ विश्वविद्यालयको हाइड्रोजन ल्याबले गरेको अध्ययनअनुसार नेपालमा बढी भएको विद्युत् हरित हाइड्रोजन उत्पादनमा प्रयोग गर्ने हो भने उत्पादन खर्च दुई अमेरिकी डलरभन्दा कम पर्ने देखिन्छ। हाइड्रोजन अर्थतन्त्रको उदय हुँदै गर्दा नेपाल त्यसको हब बन्नसक्ने भएकाले विदेशी लगानीकर्ताको चासोसमेत बढेको छ।

## *मन्त्री वा स्थानीय...*

प्रचार प्रसारमा संलग्न हुन सक्नेछन्। त्यसरी प्रचार प्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाइएको छ।

ती व्यवस्थाहरूको पालना गर्न तथा गर्न लगाउन निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारका मन्त्रीहरूलाई तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकारका मन्त्रीहरूलाई निर्देशन दिइसकेको छ।

आचारसंहितामा नेपाल सरकारका मन्त्रीले आयोगको सहमति लिई त्यसरी सहमति लिएको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन र प्रदेश सरकारका मन्त्रीले प्रदेश निर्वाचन कार्यालय मार्फत वा सोझै आयोगको सहमति लिई त्यसरी सहमति लिएको सम्बन्धित प्रदेशभित्रको स्थानमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने व्यवस्था रहेको छ।

आचारसंहिताबमोजिम स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन्।

**१ नं. वडा कार्यालय राजविराज नगरपालिका कार्यालयबाट जारि भएको**

## सूचना

**मिति : २०७९/०७/१६**

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. २ हाल वडा नं. १ वस्ने भुटी सुतिहार्नीले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९/०७/१६ मा द.न. ६३१ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानुन बमाजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

जि.स.रा.वि.न.पा.वडा नं. २ हाल १ वस्ने श्री मनिलाल सुतिहार नाउँ दर्ताको जग्गाा

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | ७८७ | ०-१-० |
| सप्तरी | " | ४ | ७९९ | ०-३-१ १/२ |
| सप्तरी | " | २ | ७७२ | ०-१-१० |
| सप्तरी | " | ४ | १२०० | ०-०-४ |

दर्तावाला वादी अंजनी शर्मा सुतिहारको नाउँमा दर्ता रहेको जग्गा मध्ये अंश वापत प्र.म मनीलाल सुतिहार प्र.म भुटी देवी सुतिहारको नाउँमा संयुक्त दर्ता हुने जग्गा

| | | | | |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | ७७४ | ०-१-१० |
| सप्तरी | चनौरा पडरीया | ४ | ७८१ | ०-१-० |

**चन्द्रशेखर चौधरी**
**वडा अध्यक्ष**

विज्ञापन आचारसंहिताको पालना गरौं
➢ विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सीहरु विज्ञापन बोर्डमा सूचीकरण गरौं।
➢ विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।
➢ विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं।
➢ विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं।
विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने सञ्चारमाध्यमले २०७९ साल कार्तिक १८ गतेसम्ममा विज्ञापन बोर्डमा सूचीकरण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*